कक्षा १० को विज्ञान: बुझेर पढौँ

# एकाइ 8 · चाप: पास्कलको नियम र हाइड्रोलिक मेसिन

**कार्यपत्र**

पूर्णाङ्क 35

नाम ______________ कक्षा ________ रोल नं. ______ मिति __________ प्राप्ताङ्क _____ / 35

## 1 मुख्य शब्द [4]

कोठामा दिइएका उपयुक्त शब्द छानी तलको अनुच्छेदका खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको 0.5 अङ्क छ।

| ऊर्ध्वचाप | खाँद्न नसकिने | गहिराइ | चाप | थ्रस्ट | न्युटन | पास्कल | प्रसारण | फ्लुड | वृद्धि |
|---|---|---|---|---|---|---|---|---|---|

सतहमा लम्ब रूपले लाग्ने बललाई ______________ भनिन्छ। प्रतिएकाइ क्षेत्रफलमा लाग्ने थ्रस्टलाई ______________ भनिन्छ र यसको SI एकाइ ______________ हो। तरल र ग्यास बग्न सक्ने भएकाले तिनलाई ______________ भनिन्छ। तरलको चाप ______________ बढ्दै जाँदा बढ्छ। तरललाई थिचेर सानो आयतनमा ल्याउन सकिँदैन। अर्थात् तरल ______________ हुन्छ। तसर्थ बन्द भाँडाको तरलको कुनै एक बिन्दुमा उत्पन्न गरिएको चाप सबै दिशामा बराबर ______________ हुन्छ। हाइड्रोलिक मेसिन यही नियममा आधारित बल ______________ गर्ने उपकरण हो।

## 2 चित्रको नामाङ्कन [3]

चित्रमा हाइड्रोलिक ज्याक देखाइएको छ। 1 देखि 6 सम्मका अङ्कले जनाएका भागको नाम लेख्नुहोस्। प्रत्येकको 0.5 अङ्क छ।




1. ______________ 2. ______________

3. ______________ 4. ______________

5. ______________ 6. ______________

## 3 बहुवैकल्पिक प्रश्न [5]

तलका प्रश्नको सही विकल्प छनोट गर्नुहोस्।

**i.** उस्तै तौल भएका दुई जना केटी नरम हिलोमा उभिएका छन्। एक जनाले चेप्टो चप्पल लगाएकी छिन् भने अर्कीले साँघुरो र अग्लो हिल भएको जुत्ता लगाएकी छिन्। कसको खुट्टा बढी भासिन्छ र किन? [1]

**क.** चप्पल लगाउनेको, किनकि उनले बढी क्षेत्रफलमा थिच्छिन्

**ख.** अग्लो हिल लगाउनेको, किनकि उनको तौल सानो क्षेत्रफलमा परेको हुन्छ

**ग.** दुवैको बराबर, किनकि उनीहरूको तौल बराबर छ

**घ.** कसैको पनि भासिँदैन, किनकि हिलो तरल हो

**ii.** ट्युबको पिँधतिर थिच्दा टुथपेस्ट किन मुखबाट निस्कन्छ? [1]

**क.** बाहिरको हावाले पेस्टलाई तानेर निकाल्छ

**ख.** औँलाले उत्पन्न गरेको चाप पेस्ट हुँदै मुखसम्म प्रसारण हुन्छ

**ग.** थिच्दा पेस्ट हलुको हुन्छ

**घ.** ट्युब मुखनजिक मात्र खुम्चिन्छ

**iii.** हाइड्रोलिक मेसिनमा सानो पिस्टनभन्दा ठुलो पिस्टनको क्रससेक्सनल क्षेत्रफल दुई गुणा छ भने उक्त मेसिनलाई सन्तुलित अवस्थामा राख्न सानो पिस्टनमा राखिएको तौल ($W_1$) र ठुलो पिस्टनमा राखिएको तौल ($W_2$) को सही समूह कुन हो? [1]

**क.** $W_1 = 4$ N, $W_2 = 2$ N

**ख.** $W_1 = 5$ N, $W_2 = 10$ N

**ग.** $W_1 = 2$ N, $W_2 = 1$ N

**घ.** $W_1 = 3$ N, $W_2 = 1.5$ N

**iv.** एउटा हाइड्रोलिक प्रेसको ठुलो पिस्टनको क्षेत्रफल सानो पिस्टनको 30 गुणा छ। तपाईँले सानो पिस्टनलाई 50 N बलले धकेल्नुहुन्छ। ठुलो पिस्टनले कति बल लगाउँछ? [1]

**क.** 50 N

**ख.** 80 N

**ग.** 1,500 N

**घ.** 1.67 N

**v.** हाइड्रोलिक मेसिनमा तरलको सट्टा हावा किन राखिँदैन? [1]

**क.** हावा धेरै गह्रौँ हुन्छ

**ख.** हावा तेलभन्दा कम चुहिन्छ

**ग.** हावा खाँदिने भएकाले धक्काले ठुलो पिस्टन सार्नुको सट्टा हावालाई खाँद्छ

**घ.** पास्कलको नियम हावामा मात्र लागु हुन्छ

## 4 अति छोटो उत्तर [3]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

**क.** थ्रस्ट भनेको के हो? [1]

**ख.** पास्कलको नियम लेख्नुहोस्। [1]

**ग.** दैनिक जीवनमा पास्कलको नियमका कुनै दुईओटा उपयोगिता लेख्नुहोस्। [1]

## 5 छोटो उत्तर [6]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

**क.** कारण लेख्नुहोस्: भरियाको नाम्लो पातलो नबनाई चौडा बनाइन्छ। [2]

**ख.** कारण लेख्नुहोस्: बाँधको पर्खाल माथिभन्दा तल बाक्लो बनाइन्छ। [2]

**ग.** कारण लेख्नुहोस्: हाइड्रोलिक ब्रेकमा एक विशेष किसिमको तेलको प्रयोग गरिन्छ। [2]

## 6 लामो उत्तर [4]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

एक जना मानिसले हाइड्रोलिक मेसिनको ठुलो पिस्टनबाट बल लगाएर सानो पिस्टनमा रहेको 500 N तौल उचाल्न खोज्दै छन्। सहज रूपमा तौल उचाल्न के सुझाव दिनुहुन्छ? हाइड्रोलिक मेसिनमा बल कसरी वृद्धि हुन्छ, चित्रसहित व्याख्या गर्नुहोस्।

## 7 गणितीय समस्या [8]

तलका गणितीय समस्या समाधान गर्नुहोस्। हिसाबका सबै चरण देखाउनुहोस्। ($g = 9.8\ m/s^2$, पानीको घनत्व $= 1000\ kg/m^3$)

**क.** 2 m गहिरो पानीको ट्याङ्कीको पिँधमा पानीको चाप हिसाब गर्नुहोस्। [2]

**उत्तर:**

**ख.** तेलले भरिएको पाइपले जोडिएका दुईओटा सिरिन्जबाट बनेको हाइड्रोलिक मेसिनको नमुनामा पिस्टन A को क्षेत्रफल 0.5 $cm^2$ र पिस्टन B को क्षेत्रफल 5 $cm^2$ छ। पिस्टन A मा लगाइएको 20 N बललाई सन्तुलन गर्न पिस्टन B मा कति बल लगाउनुपर्छ? [2]

**उत्तर:** ________________________

**ग.** एउटा हाइड्रोलिक ज्याकको सानो पिस्टनको क्षेत्रफल 4 $cm^2$ र ठुलो पिस्टनको क्षेत्रफल 200 $cm^2$ छ। यसले 1000 kg पिण्ड भएको कार उचाल्छ भने क. कारको तौल, ख. तेलमा उत्पन्न हुने चाप र ग. सानो पिस्टनमा लगाउनुपर्ने बल हिसाब गर्नुहोस्। [4]

**उत्तर:** ________________________

## 8 सोच्नुहोस् [2]

सोचेर उत्तर लेख्नुहोस्।

पास्कलले पानीले भरिएको पिपाको बिर्कोमा करिब 10 m अग्लो पातलो नली जोडेर त्यसमा पानी खन्याए। नली भर्न केही कप पानी मात्र लाग्यो तैपनि पिपा फुट्यो। किन?

## 9 क्रियाकलाप: दुईओटा सिरिन्जबाट हाइड्रोलिक मेसिनको नमुना (क्रियाकलाप 8.3) (अङ्क नदिइने)

पातलो र मोटो सिरिन्जका नुजललाई सलाइन पाइपले जोडेर हावाका फोका नरहने गरी पानीले भर्नुहोस्। सानो पिस्टनमाथि सानो तौल राखेर त्यसलाई सन्तुलनमा राख्ने ठुलो पिस्टनमाथिको तौल पत्ता लगाउनुहोस् र तालिका भर्नुहोस्।

| सानो पिस्टनमाथिको तौल, $F_1$ | ठुलो पिस्टनमाथिको तौल, $F_2$ | $F_2$ चाहिँ $F_1$ को कति गुणा? |
|---|---|---|
| | | |
| | | |

सानो पिस्टनलाई 1 cm भित्र धकेल्दा ठुलो पिस्टन कति सर्छ?